# मानमिन समाचार

अंक २२  नोभेम्बर २९, २०१५

# चर्चको ३३ औं वार्षिकोत्सव समारोह र उत्सवका प्रस्तुतिहरू

## २१ वटा राष्ट्रहरूबाट आउनु भएका पाहुनाहरू आश्चर्यचकित बन्नुभयो र आनन्दित भई परमेश्वरलाई महिमा दिनुभयो



मानमिन केन्द्रीय चर्चले आफ्नो ३३ औं वार्षिकोत्सवको समारोह र उत्सवका प्रस्तुतिहरू आयोजना गरेको छ। पवित्र आत्माका कार्यहरूद्वारा सधैं आफ्नो उपस्थिति जनाउनु हुने परमेश्वरलाई यस चर्चले धन्यवाद चढायो। तस्बिर १, अक्टोबर ९ देखि ११ सम्म डा. जेरक लीका प्रवचनहरू (शुक्रवार देखि आइतवार), तस्बिरहरू ४, ७: वार्षिकोत्सव अघिका रात्री कार्यक्रमहरू र वार्षिकोत्वका प्रस्तुतिहरू, तस्बिरहरू ३ र ६, विदेशबाट आउनु भएका पाहुनाहरूले सेवा समारोह र प्रस्तुतिहरूबाट धेरै अनुग्रह प्राप्त गर्नुभयो, तस्बिरहरू २, ५, उहाँहरू भवन बाहिर आयोजना गरिएका वार्षिकोत्सवका कार्यक्रमहरूमा पनि रमाउनु भयो।

सन् २०१५ साल अक्टोबर ११ तारिख दिउँसो ३ बजे, आइतवारको दोस्रो आराधना सेवाको दौरान मानमिनको ३३ औं वार्षिकोत्सव सेवा समारोह र उत्सवका प्रस्तुतिहरूको कार्यक्रम शुरु भएको थियो।

अमेरिका, इस्राएल, इजिप्ट, स्पेन, मेक्सिको र केन्या लगायत २१ वटा राष्ट्रहरूबाट लगभग २०० पहुनाहरू आउनु भएको थियो। उहाँहरूमध्ये धेरै जना पास्टरहरू, मिसनरीहरू, राजनीतिज्ञहरू र आर्थिक क्षेत्रसँग सम्बन्धित व्यक्तित्वहरू हुनुहुन्थ्यो। आराधना सेवाहरू र कार्यक्रमहरू अंग्रेजी, रूसी र स्पेनी भाषाहरू सहित नौवटा भाषाहरूमा अनुवाद गरिएका थिए।

वार्षिकोत्सवको अघिल्लो दिनको रात्रिकालीन आराधना सेवा र आइतवारको बिहानी आराधना सेवामा सिनियर पास्टर डा. जेरक लीले हिब्रू २:४ मा आधारित रही "मानमिनको इतिहास" शीर्षकमा वचन प्रचार गर्नुभयो। चिन्हहरू, आश्चर्यकर्महरू र पुन:सृष्टिका कार्यहरू प्रकट भइरहेका मानमिन चर्चको शक्तिशाली सेवकाइको बारेमा उहाँले व्याख्या गर्नुभयो र यो सेवकाइद्वारा धेरै मानिसहरू मुक्तिको मार्गमा डोऱ्याइएका छन् भनी उहाँले भन्नुभयो।

उहाँको वचनपछि, पास्टर हिजिन लीको अध्यक्षता रहेको कला प्रस्तुति समितिले "मानमिनको इतिहास" शीर्षकमा वार्षिकोत्सवका प्रस्तुतिहरू प्रदर्शन गरेको थियो। यो प्रस्तुति १७० वटा देशहरूमा प्रसारण हुने ग्लोबल क्रिष्टियन नेटवर्क र इन्टरनेट मार्फत् प्रत्यक्ष प्रसारण गरिएको थियो। प्रस्तुतिमा, स्वर्गको सबैभन्दा उत्तम निवासस्थान नयाँ यरूशलेममा प्रवेश गर्नुहुने सदस्यहरूले मानमिनको सेवकाइलाई स्मरण गर्नु भएर, भोजमा सहभागी हुनुभई परमेश्वरलाई आनन्द र धन्यवाद अर्पण गर्नु भएको दृश्य प्रस्तुत गरिएको थियो। परमेश्वरले दिनुभएका गीतहरू मार्फत् यी सबै कुरा सुन्दर तवरले व्यक्त गरिएको थियो।

प्रकाश, ध्वनि, भिडियो, र स्पेशल इफेक्टसँग सम्बन्धित थुप्रै पेशागत स्टाफहरूसितको समन्वयमा मानमिन केन्द्रीय चर्चको कला प्रस्तुति समितिले उच्च-स्तरीय प्रस्तुतिहरू प्रदर्शन गर्नुभयो।

डा. सर्गेई मारटिनुक (संयुक्त राज्य अमेरिका) ले भन्नुभयो, "यस्तो सुन्दर प्रस्तुति मैले कहिल्यै पनि देखेको थिइनँ। मलाई स्वर्गदूतहरूको गीत त्यहाँ फिजिएको झैं लाग्यो र मैले त्यहाँ पवित्र आत्माको उपस्थिति महसुस गरेँ। त्यो क्षण अवर्णनीय शान्ति, खुशी र भावनाहरूले भरिएको थियो।"

संयुक्त अरब इमिरेट्सबाट आउनु भएको पास्टर योनाश सिगे गिब्रोल्डले भन्नुभयो, "अष्ट्रेलिया र युरोपका धेरै चर्चहरूका कार्यक्रमहरूमा म गएतापनि, यस्तो अद्भूत र भव्य प्रस्तुति मैले कहीँ पनि देखेको थिइनँ। चर्चका सदस्यहरूले एकअर्कालाई सहायता गर्नु भएको देख्दा म अति नै प्रभावित भएको छु, र मैले डा. लीबाट भलाइको सुबास्ना महसुस गरेँ।"

चर्च अगाडिको प्राङ्गणमा तस्बिरहरूको सुन्दर सजावट थियो जसमा गोठालोको महलमा भएको ऋतुहरूको बगैँचालाई दर्शाउने तस्बिरहरू थिए। सदस्यहरू, अतिथिहरू, आमन्त्रित परिवारका सदस्यहरू र आफन्तजनहरूले वसन्त, ग्रीष्म, शरद र हिँउद ऋतुका तस्बिरहरू बीच रमाउँदै फोटो खिच्नुभएको थियो। साथै नयाँ डिजाइनमा तयार गरिएको पब्लिसिटी हलवेमा मानिसहरूले मानमिनको ३३ वर्षको इतिहासलाई देख्न सक्नु हुन्थ्यो। यसले धेरैको ध्यान आकर्षित गरेको थियो।

अक्टोबर ९ मा वार्षिकोत्सव अघिको रात शुक्रबारको रात्री सेवाको दोस्रो भागमा "फेस्टिबल अफ फ्लावरस् (फूलहरूको उत्सव)" आयोजना गरिएको थियो। वाद्यवादनको मीठो धुन र सुन्दर नृत्यले नयाँ यरूशलेममा गोठालोको महलभित्र रहेको फूलहरूको बगैँचामा आयोजना गरिने उत्सवको झलक दिएको थियो। यसले दर्शकहरूमा स्वर्गको आशालाई वृद्धि गराएको थियो।

अक्टोबर १२ मा, विदेशी पाहुनाहरू मुआन मानमिन चर्चमा जानुभयो, जहाँ चर्च अगाडिको पोखरीमा रहेको समुद्रको नुनिलो पानी डा. लीको प्रार्थनाद्वारा मीठो पानीमा परिवर्तन भएको थियो। शक्ति प्रकट भएको यो स्थानमा, पाहुनाहरूले माराको तीतो पानी मीठो पानीमा परिवर्तन भएको बाइबलीय घटना अनुभव गर्नु भयो।

सन् १९८२ अक्टोबर १० मा चर्चको स्थापना भएदेखि, ३३ वर्षसम्ममा मानमिन १०,००० शाखाहरू र सहयोगी चर्चहरू भएको एक विशाल अन्तर्राष्ट्रिय चर्च बनेको छ। तेस्रो चरणको उडानको क्रममा हार्दिकतापूर्वक प्रवेश गर्दा, पाँच तहको पवित्रताको सुसमाचार र शक्तिका कार्यहरूद्वारा राष्ट्रव्यापी सुसमाचारीय कार्य र विश्व मिशन महान् रूपले पूरा हुनेछ।

### प्रभुको सन्देश श्रृंखला – (२२)

# ख्रीष्टमा आफ्नो विश्वासको स्वीकारोक्ति दिएतापनि मुक्ति प्राप्त गर्न नसक्ने मानिसहरू (१)



डा. जेरक ली

"मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ ।" (मत्ती ७:२१)

"यदि कसैले आफ्नो भाइले पाप गरेको देख्छ, अनि त्यो पापचाहिँ मृत्युमा पुऱ्याउने होइन भने, उसले त्यस भाइको निम्ति परमेश्वरसँग प्रार्थना गरिदिनुपर्छ, र जसको पाप मृत्युमा पुऱ्याउने किसिमको छैन, त्यसलाई परमेश्वरले जीवन दिनुहुन्छ । तर यस्तो पाप पनि हुन्छ, जो मृत्युमा पुऱ्याउने हुन्छ, जसको निम्ति कसैले बिन्ती गरिदिनुपर्छ भनी म भन्दिनँ । सबै अधर्म पाप हो, तर यस्तो पाप पनि हुन्छ जो मृत्युजनक हुँदैन ।" (१ यूहन्ना ५:१६-१७)

हामीले येशू ख्रीष्टमा विश्वास गरी चर्च आउनुको मुख्य कारणचाहिँ मुक्ति र अनन्त जीवन प्राप्त गर्नका लागि हो । यद्यपि, थुप्रै इसाईहरू वचन अनुसार नजिएतापनि चर्च आएकै कारण आफूलाई मुक्तिको हकदार ठान्दछन् ।

हाम्रो ओठको स्वीकारोक्तिकै भरमा परमेश्वरले हामीलाई मुक्ति दिनु हुने होइन तर हामी ज्योति र सत्यतामा हिँडेको खण्डमा (१ यूहन्ना १:५-७) र हामीले साँचो विश्वासलाई धारण गरी त्यसलाई कार्यमा उतारेको खण्डमा मात्र मुक्ति प्राप्त गर्न सक्छौं । परमेश्वरमा विश्वास गर्छु भनेतापनि कस्तो प्रकारका विश्वासीहरू मुक्ति प्राप्त गर्न र स्वर्गको राज्यमा प्रवेश गर्न असफल हुन्छन् त ?

## १. अधर्मी मानिसहरू

मत्ती ७:२१ मा येशूले हामीलाई भन्नु भएको छ, "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ ।" येशूले भन्नु भए अनुसार उहाँलाई 'प्रभु, प्रभु' भन्ने मानिसहरू ती मानिसहरू हुन् जसलाई येशू मानवजातिको मुक्तिदाता हुनु हुन्छ भनी थाहा छ र जसले उहाँलाई मुक्तिदाता भनी स्वीकार गर्दछन्, यिनै मध्ये कतिपयले स्वर्गको राज्यमा प्रवेश गर्ने छैनन् भन्ने अर्थ यसले प्रकट गर्दछ ।

त्यसपछिका पदहरू २२-२३ मा येशूले भन्नुभयो: "त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं । र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र ?' अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ । ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ ।'" मानिसहरूले प्रभुमा आफ्नो विश्वासको घोषणा गरेतापनि र आश्चर्यकर्महरू गरेतापनि, ती सबै "अधर्मीहरूलाई", उहाँले "मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ" भनी भन्नु हुनेछ ।

न्यायको दिनमा प्रभुले अधर्म काम गर्नेहरू र अरूलाई पतनको मार्गमा लैजाने ती अधर्मीहरूलाई छुटचाउनु हुनेछ र तिनीहरूलाई आगोको भट्टीमा फालिदिनु हुनेछ, जुनचाहिँ नरकको दण्ड हो (मत्ती १३:४०-४२) ।

येशूले "अधर्मीहरू" भनी भन्नुको अर्थ के हो त ? १ यूहन्ना ३:४ ले हामीलाई, "पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ । पाप नै व्यवस्था भङ्ग हो" भनी भनेझैं, व्यवस्थामा रहेको परमेश्वरको सत्य वचनलाई उल्लङ्घन गर्दा अधर्म वा पाप शुरु हुन्छ । अधर्मीहरू भन्नाले ती मानिसहरू हुन् जसले बाइबलमा निषेध गरिएका कार्यहरू गर्दछन् ; बाइबलले फाल भनेका कुराहरू फाल्दैनन् ; बाइबलले गर भनेका कुराहरू गर्दैनन् ; र बाइबलले राख वा पालन गर भनेका आज्ञाहरू राख्दैनन् वा पालन गर्दैनन् ।

यसबारे बाइबलले १ कोरिन्थी ६:९-१० मा विस्तृत रूपले व्याख्या गर्दछ, "अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन ? धोका नखाओ- अनैतिकहरू, मूर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरका राज्यको हकदार हुनेछैनन् ।"

रोमी १४:२३ ले हामीलाई भन्दछ, "विश्वासबाट उत्पन्न नभएको कुनै पनि कुरा पाप हो ।" त्यस्तै याकूब ४:१७ ले हामीलाई यो स्मरण गराउँदछ, "यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ ।" कसैले प्रभुमा आफ्नो विश्वासको स्वीकारोक्ति दिएतापनि, यदि ऊ पापबाट फर्केर आउनुको साटो अधार्मिकतालाई नै उसले पछ्याइ रहन्छ भने, ऊ स्वर्गमा प्रवेश गर्न सक्दैन र नरकमा पुग्दछ (गलाती ५:१९-२१) ।

तपाईंहरू मध्ये केहीले यसरी सोध्न सक्नुहुन्छ, "यदि कुनै नयाँ विश्वासीले झूट बोल्यो र त्यही झूटको कारणले गर्दा उसले मुक्ति प्राप्त गर्न सक्दैन भने, कति जनाले मुक्ति प्राप्त गर्न सक्लान् र ?" निस्सन्देह, कुनै व्यक्तिले भर्खरै प्रभुलाई ग्रहण गर्दैमा उसले आफ्ना सबै पापहरू तत्कालै फाली सकेको हुँदैन । त्यो व्यक्तिले आफ्ना सबै पापहरू फाली नसकेतापनि, यदि उसले प्रार्थना गर्दछ, परिश्रम गर्दछ, र त्यसैअनुरूप ऊ परिवर्तन हुन्छ भने, परमेश्वरले त्यो परिश्रमलाई मुक्ति प्राप्त गर्नका लागि योग्य विश्वास भनी मान्यता दिनु हुनेछ ।

तथापि, यदि त्यस व्यक्तिले पापहरू त्याग्न प्रयास समेत नगरी पाप गरिरहन्छ र सांसारिक तौरतरिकामा अझै डुबिरहन्छ भने, "म विश्वास गर्छु" भनी उसले दिएको स्वीकारोक्ती झूटो ठहरिन्छ ।

## २. मृत्युमा पुऱ्याउने पाप गर्ने मानिसहरू

पापहरूमध्ये, केही पापहरू यस्ता छन् जसबाट तपाईंले पश्चात्ताप गर्नुभएर त्यसलाई त्यागी क्षमा पाउन सक्नु हुन्छ, र केही यस्ता पापहरू पनि छन् जुन अक्षम्य छन् ।

१ यूहन्ना ५:१६-१७ ले हामीलाई बताउँदछ, "यदि कसैले आफ्नो भाइले पाप गरेको देख्छ, अनि त्यो पापचाहिँ मृत्युमा पुऱ्याउने होइन भने, उसले त्यस भाइको निम्ति परमेश्वरसँग प्रार्थना गरिदिनुपर्छ, र जसको पाप मृत्युमा पुऱ्याउने किसिमको छैन, त्यसलाई परमेश्वरले जीवन दिनुहुन्छ । तर यस्तो पाप पनि हुन्छ, जो मृत्युमा पुऱ्याउने हुन्छ, जसको निम्ति कसैले बिन्ती गरिदिनुपर्छ भनी म भन्दिनँ । सबै अधर्म पाप हो, तर यस्तो पाप पनि हुन्छ जो मृत्युजनक हुँदैन ।"

मृत्युमा नपुऱ्याउने पापहरू गरेका मानिसहरूका लागि हामीले प्रार्थना गर्दै तिनीहरूलाई पापहरूबाट फर्केर आउका लागि उत्साह दिनु र सहायता गर्नु पर्दछ, तर केही पाप मृत्युमा पुऱ्याउने पापहरू पनि हुन्छन् । त्यसोभए कस्ता प्रकारका पापहरूले मानिसहरूलाई मृत्युमा पुऱ्याउँदछ त ?

## ३. मृत्युमा डोऱ्याउने पाप: पवित्र आत्माको निन्दा गर्नु

जब मानिसहरूले पवित्र आत्माको विरुद्धमा बोल्दछन्, उहाँको विरोध र अपमान गर्दछन्, तब तिनीहरूले पवित्र आत्माको निन्दा गर्ने पाप गर्दछन् । मत्ती १२:३१ मा येशूले हामीलाई स्पष्ट रूपमा स्मरण गराउनु भएको छ, "त्यसैकारण म तिमीहरूलाई भन्दछु, मानिसहरूले गरेको हरेक पाप र ईश्वर-निन्दा क्षमा हुनेछ, तर पवित्र आत्माको विरुद्धमा गरिएको निन्दा क्षमा हुनेछैन" र फेरि लूका १२:१० मा पनि उहाँले भन्नुभएको छ, "हरेक जसले मानिसको पुत्रको विरुद्धमा बोल्छ, त्यसलाई क्षमा हुनेछ, तर जसले पवित्र आत्माको विरुद्धमा निन्दा गर्दछ, त्यसलाई क्षमा हुनेछैन ।"

"पवित्र आत्माको अपमान गर्नु" भनेको पवित्र आत्मालाई "दियाबलस" वा "शैतान" को नाम दिनु र पवित्र आत्माद्वारा परमेश्वरले प्रकट गर्नु भएका कामहरूलाई भूतात्मा र शैतानका कामहरू भनी संज्ञा दिनु हो ।

"पवित्र आत्माको विरुद्धमा बोल्नु भनेको" कुनै चर्चमा पवित्र आत्माका कार्यहरूलाई प्रत्यक्ष रूपमा अनुभव गरेतापनि निराधार हल्लाहरू फैलाउँदै पवित्र आत्माका कार्यहरू प्रकट हुने चर्चलाई र त्यहाँका विश्वासीहरूलाई "झूटो" वा "गलत" भनी आधारहीन दोषहरू लगाउनु हो ।

केही मानिसहरू त थप अझ षड्यन्त्रहरू रची तिनीहरूको दुष्टतामा परमेश्वरका कार्यहरूलाई इन्कार गर्दै परमेश्वरका कार्यहरू प्रकट हुन नदिनका लागि ती षड्यन्त्रहरूलाई कार्यन्वयन् गर्दछन् र यो नै "पवित्र आत्माको विरोध गर्नु हो ।"

यो वास्तवमा गम्भीर र डरलाग्दो पाप हो किनकि यसो गर्नु त्रिएक परमेश्वरलाई चुनौती दिनु र उहाँको राज्य पूरा हुन नदिनका लागि बाधा दिनु हो ।

यस्तो प्रकारको गम्भीर पापलाई मर्कूस ३:२०-२२ मा यसरी चित्रण गरिएको छ, "त्यसपछि येशू फेरि घरतिर जानुभयो । फेरि भीड जम्मा भयो, यहाँसम्म कि उहाँहरूले भोजन खान पनि पाउनुभएन । जब येशूका परिवारले यो सुने, तब उहाँलाई लैजानलाई उनीहरू निस्के, किनकि 'उहाँको मन ठेगानमा छैन' भनी उनीहरू भन्थे । यरूशलेमबाट आएका व्यवस्थाका शास्त्रीहरूले भने, 'त्यसमा बालजिबुल भूत छ, र भूतहरूको मालिकद्वारा नै त्यसले भूतहरू निकाल्दछ ।'"

येशूको बारेमा सुनेका मानिसहरूमध्ये, असल मानिसहरूले उहाँमा विश्वास गर्नुभयो र परमेश्वरलाई महिमा दिनुभयो । तथापि दुष्टहरू भने, खराब अफवाहहरू बनाउन र त्यसलाई फैलाउनमै व्यस्त थिए र त्यस्ता कार्यहरूमा प्रमुख भूमिका निर्वाह गर्ने काम शास्त्री र फरिसीहरूले गरे जसले आफूमा धर्मशास्त्रको ज्ञान छ भनी घमण्ड गर्दथे ।

मर्कूस ३:२८-२९ मा येशूले भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, मानिसहरूका सबै पाप र ईश्वर-निन्दा क्षमा गरिनेछन्, तर पवित्र आत्माको विरुद्धमा निन्दा गर्नेलाई कदापि क्षमा हुनेछैन, तर त्यो अनन्त पापकर्मको दोषी ठहर्छ ।" यदि कसैले ईश्वर निन्दा गरेको छ, परमेश्वरका कार्यहरूको विरोध गरेको छ र ती कार्यहरूलाई "भूतात्माको कार्य" भनी भनेको छ भने, त्यो मानिसले कसरी मुक्ति प्राप्त गर्न सक्छ र ?

परमेश्वरमा विश्वास गर्छु भनी भन्नेहरूमध्ये डाह गर्ने केहीले पवित्र आत्माका कार्यलाई लाञ्छना लगाउँदै, "आश्चर्य कर्महरू र चिन्हहरू दुइ हजार वर्ष अघि मात्र भएका थिए । मानवजातिले परमेश्वरबाट प्रकाश पाउन बन्द भएको लामो समय भइसक्यो," भनी भन्दछन् र पवित्र आत्माका कार्यहरूलाई वास्तवमा शैतानको कार्य, झूटो वा गलत भनी तर्क दिने गर्दछन् ।

परमेश्वर जो हिजो, आज र सधैँभरि समान हुनुहुन्छ, उहाँ आज पनि उहाँलाई प्रसन्न तुल्याउनु हुने उहाँका जनहरू मार्फत् आश्चर्य कर्महरू र चिन्हहरू प्रकट गर्नु हुन्छ (यूहन्ना ४:४८), र ती जनहरूद्वारा उहाँले आफ्नो अस्तित्व र उपस्थितिलाई पुष्टि गर्नु हुन्छ । यस प्रकार पवित्र आत्माका कार्यहरूद्वारा परमेश्वरले प्रकट गर्नु भएका आश्चर्य कर्महरू र चिन्हहरूलाई इन्कार गर्नु र हस्तक्षेप गर्नु भनेको नै पवित्र आत्माको निन्दा गर्ने पाप हो र यस्तो प्रकारको पाप क्षमा हुँदैन ।

परमेश्वरमा विश्वासको स्वीकारोक्ति दिएतापनि मुक्ति नपाउन सकिन्छ भनी यस सन्देशद्वारा तपाईंहरूले बुझ्नु भएको होस्, मृत्युको मार्गबाट अलग रहनुभएको होस्, र सोझो मार्ग लिएर स्वर्गमा सुरक्षितसाथ प्रवेश गर्नु भएको होस् भनी हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म प्रार्थना गर्दछु !




## "पवित्रताको सुसमाचारद्वारा मेरो सेवकाइ पुनः जागृत भएको छ"

पास्टर सेर्गे बोकार्निकोभ, स्पिरिट अफ लाइफ् चर्च, नासरत, इस्राएल

"मानमिनको इतिहास" शीर्षकमा वचन सुन्दा परमेश्वर स्वयम्ले नै सिनियर पास्टर डा. जेरक लीको सेवकाइलाई अगुवाइ गर्नु भएको छ भन्ने कुरामा म निश्चिन्त भए । परमेश्वरको वचनलाई जीवनमा हुबहु लागू गर्ने पास्टरको रूपमा उहाँले राम्रो उदाहरण कायम गर्नु भएको छ । उहाँसितको भेटघाटमा उहाँले आफ्नो सम्पूर्ण जीवन परमेश्वरमा समर्पित गर्नुभएको मैले देखेँ । त्यसैले गर्दा मानमिनका सदस्यहरूमा स्वर्गप्रतिको पूर्ण आशा छ र उहाँहरू पनि परमेश्वरको वचनद्वारा जिउनुहुन्छ । प्रार्थनाको समयमा, म सँधै परमेश्वरलाई उहाँको अनुग्रह र प्रेमको निम्ति धन्यवाद दिँदछु जसले मलाई आत्मिक गोठालो भेट्न दिनु भएको छ ।

पवित्रताको सुसमाचारले हामीलाई पवित्र जीवन जिउन र यसलाई चारैतिर फैलाउनका लागि आग्रह गर्दछ । पवित्रताको सुसमाचार को मुख्य सार यो हो कि यदि हामी परमेश्वरको वचन अनुसार जिउँछौं भने, उहाँले हामीमा काम गर्नुहुन्छ । त्यसैले, मैले पनि परमेश्वरको वचन अनुसार आफैलाई फेरि नयाँ बनाउन प्रयास गरेको छु र आफ्ना चर्चका सदस्यहरूलाई पनि यो सिकाएको छु ।



मानमिनको ३३ औं वार्षिकोत्सवका प्रस्तुतिहरू अद्भुत थिए । तिनले स्वर्गलाई दर्शाएका थिए र हामीमा स्वर्गको आशालाई वृद्धि गराएका छन् । हामीलाई फेरि पनि महान् प्रेमका साथ स्वागत गर्ने मानमिन केन्द्रीय चर्चलाई म धन्यवाद दिँदछु ।

## "अरबी भाषामा प्रकाशित डा. जेरक लीका पुस्तकहरू वास्तवमै अद्भूत छन् !"

पास्टर गर्ग्रेस मोर्गन पोक्टर, इजिप्टका पेन्टिकोस्टल चर्चहरूको अध्यक्ष

सन् २०१४ मा, मैले पहिलो पटक मानमिनको सेवकाइको बारे मा सुनेँ र धेरै अनुग्रह प्राप्त गरेँ । सन् २०१४ मा, पास्टर तेसिक गिलले इजिप्टमा अगुवाइ गर्नु भएको पास्टरहरूको सेमिनार र रुमालको चङ्गाइ सभामा म सहभागी भएँ । डा. लीले प्रार्थना गरिदिनु भएको रुमालद्वारा पास्टर तेसिक गिलले प्रार्थना गर्नुहुँदा चङ्गाइका धेरै कार्यहरू भएको मैले देखेँ (प्रेरित १९:११-१२) । म धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु जो आज पनि आफ्ना कार्यहरू गर्दै हुनुहुन्छ ।

मैले अरबी भाषामा प्रकाशित भएका डा. लीका पुस्तकहरू मृत्यु अघि अनन्त जीवनको स्वाद, क्रूसको सन्देश र विश्वासको नाप पढेँ । विशेषगरी, क्रूसको सन्देश ले परमेश्वरले मानवजातिको सृष्टि गर्नुको कारण र किन येशू मात्र हाम्रो मुक्तिदाता हुनुहुन्छ भनी स्पष्टसित व्याख्या गर्दछ । यसले मलाई अति नै प्रभावित तुल्यायो । साथै, विश्वासको नाप पुस्तक मार्फत्, मैले आज्ञापालनद्वारा विश्वास बढ्छ भनी जाने र यसले मलाई अति नै प्रभावित तुल्यायो ।



यस भ्रमणद्वारा डा. लीलाई फेरि भेट्न पाउँदा मलाई धेरै खुसी लागेको छ । उहाँको सेवकाइलाई देख्दा, बलिदान र आज्ञाकारिताका साथ आत्माहरूको सेवा गर्नु हुने प्रभुको सेवकाइलाई देखेको झैं मलाई अनुभव हुन्छ । उहाँ एक उदाहरणीय पास्टर हुनुहुन्छ । मलाई मानमिन केन्द्रीय चर्चमा डोऱ्याउनु हुने प्रभुलाई म धन्यवाद दिन्छु ।

## "गोठालोको क्षेत्रमा रहेर, मैले लुटेराहरूको जोखिमहरूबाट सुरक्षा पाएँ"

पास्टर पावल मुशाफिरिनालवाङ्गो, मन्त्रिपरिषद्को निर्देशक, उप-प्रधानमन्त्रीको कार्यलय , डी.आर. कंगो

सन् २००६ मा उहाँले डी.आर. कंगोमा क्रूसेड सञ्चालन गर्नुहुँदा, डा. जेरक लीले पूर्ण अख्तियारका साथ वचन प्रचार गर्नुभयो र परमेश्वरको धेरै शक्तिशाली कार्यहरू प्रकट गर्नु भयो । मानिसहरूले रोगहरूबाट चङ्गाइ पाए र परमेश्वरबाट उत्तरहरू प्राप्त गरे । मैले उहाँलाई भेटे पछि, मेरो जीवन फेरि नयाँ भयो । पवित्रताको सुसमाचारद्वारा, कसरी प्रार्थना गर्ने र परमेश्वरको वचन अनुसार कसरी जिउने भनी मैले सिक्न सकेँ । म आत्मिक रूपमा वृद्धि हुन सकेँ । चार वर्ष अघि, म मेरो गाडीमा घर फर्कदैं गर्दा एक्कासी पाँचजना लुटेराहरूको एउटा समूहसित मेरो जम्काभेट भयो । तिनीहरूसित बन्दुकहरू थिए, र तिनीहरूमध्ये दुइ जना मेरो घरको अगाडि उभिएका थिए र बाँकी तीनले मेरो कारलाई घेरेका थिए । मैले तुरुन्तै आफ्नो हात सिनियर पास्टर डा. लीको फोटोमा राखेँ र प्रार्थना गरेँ, "गोठालोको परमेश्वर मेरो रक्षा गर्नुहोस् !" त्यसपछि, म मेरो कारबाट निस्केँ ।

लुटेराहरूमध्ये एकजनाले मतिर आफ्नो बन्दूक तेर्सायो, तर म यसो भन्दै उसको नजिक गएँ, "मलाई मार्नु पर्ने कारण तपाईंसित केही छैन ।" त्यो लुटेरा मबाट पछिहट्दा, ऊ भूइँमा लड्यो र बन्दुकबाट हावामा गोली चल्यो । अनि तिनीहरू सबै भागे । मैले गोठालोको क्षेत्र अनुभव गरेँ ।



यस भ्रमणको दौरान, आत्माहरूप्रतिको सिनियर पास्टरको प्रेम र बलिदानलाई मैले फेरि अनुभव गरेँ । म पनि त्यस्तै प्रेमका साथमा अफ्रिकाभरि पवित्रताको सुसमाचार प्रचार गर्न चाहन्छु । वार्षिकोत्सवका प्रस्तुतिहरू हेर्दा, साँच्चै नयाँ यरूशलेम शहरमा जाने इच्छा ममा जागेको छ । जब म डा. लीको प्रार्थनाद्वारा समुद्रको नुनिलो पानी मीठो पानीमा परिवर्तन भएको ठाउँ मुआन मानमिन चर्चमा गएँ, तब मैले प्रभुको उपस्थिति महसुस गरेँ । मेरा आत्मिक आँखा खोलिँदा, मैले त्यहाँ प्रत्येक व्यक्तिलाई दिइने सुन्दर फूलहरूले भरिएका सेता महलहरू दर्शनमा देखेँ । मलाई खुशी लाग्यो ।

## "प्रसारण सेवकाइ र पुस्तकहरू मार्फत् मैले पृथ्वीको अर्को छेउमा रहनुहुने मेरो साँचो गोठालोलाई भेटेँ"

सिस्टर बिट्राइस कोरनिब, मेक्सिको

दस वर्षदेखि म आत्मिक पास्टरको खोजीमा थिएँ । त्यस दौरान, सन् २०१० मा इनलासे टि.भि. मार्फत् मैले डा. जेरक लीको बारेमा थाहा पाएँ । उहाँका वचनहरू सुनेपछि उहाँ संसारको सबै भन्दा आत्मिक व्यक्ति हुनुहुन्छ भनी मैले महसुस गरेँ । त्यसैले, मैले हार्दिकतापूर्वक उहाँका वचनहरू सुन्ने आशा गरेँ ।

मैले मानमिन केन्द्रीय चर्चको वेबसाइट फेला पारेँ र हरेक दिन उहाँका दुइ वा तीनवटा वचनहरू सुन्न थालेँ । एक वर्षसम्ममा, मैले उहाँका ५०० भन्दा बढी वचनहरू सुनेँ, र यसले मेरो जीवनमा धेरै परिवर्तन ल्यायो । स्पेनी र फ्रेंच भाषामा अनुवाद भएका उहाँका धेरै पुस्तकहरू मैले पढेँ र इन्टरनेट मार्फत् हरेक आराधना सेवा र दानियल प्रार्थना सभामा म सहभागी भएँ । सन् २०१५ सालको अगस्टमा, मैले मेक्सिकोमा गोठालोको क्षेत्र अनुभव गरेँ ! म मेक्सिकोमा बस्न थालेको ३० वर्ष भइसकेको थियो, तर मैले गाइने किराहरू (ड्र्यागन फ्लाइ) देखेँको थिइनँ । तैरपनि, सियोलमा २०१५ सालको समर रिट्रीट आयोजना हुँदा, तीन वटा गाइने किराहरू (ड्र्यागन फ्लाइ) झ्यालबाट मेरो कोठा भित्र पस्नु भयो ।



अन्ततः चर्चको ३३ औं वार्षिकोत्सवमा म मानमिन केन्द्रीय चर्चमा गएँ । डा. लीलाई हेर्ने हार्दिक चाहना ममा थियो । जब मैले उहाँलाई व्यक्तिगत रूपमा देखेँ, म भावुक भएँ र मेरा आँखा रसाए । मैले उहाँबाट विशेष प्रेम महसुस गरेँ जुन मैले कहिल्यै कुनै पनि पास्टर वा इसाईबाट महसुस गरेको थिइनँ । उहाँ हरेक व्यक्तिप्रति अत्यन्तै दयालु हुनुहुन्थ्यो । मैले चर्चका सदस्यहरूलाई नचिनेतापनि उहाँहरूले प्रेमका साथ मेरो सेवा गर्नु भयो र यसले मेरो हृदय छोयो । प्रस्तुतिहरू पनि अद्भुत थिए ।

# मानमिनको सेवकाइले प्रेम र शक्तिद्वारा मानिसहरूको जीवनलाई पुनर्जीवित पार्दछ

**मानमिनको ३३ औं वार्षिकोत्सवमा भाग लिन २१ राष्ट्रबाट करिब २०० जना पाहुनाहरू चर्चमा आउनु भएको थियो। उहाँहरूले चर्चको समुद्र पारका क्रूसेडहरू, प्रसारण सेवकाइ वा प्रकाशन सेवकाइ मार्फत् पवित्रीकरणको सुसमाचार सुन्नु भएको थियो र परमेश्वरको शक्ति अनुभव गर्नु भएको थियो। उहाँहरूका थुप्रै गवाहीहरू थिए। ती गवाहीहरू मध्ये यहाँ केही उल्लेख गरिएका छन्।**




## “हार्दिकता र उत्सुकताका साथ प्रार्थना गर्ने चर्च !”

पास्टर मिशेल आर्गिनेल रोड्रिग्वेज, मिनिष्टेरियो इन्टरनेसिओनल ला कोसेचा, होन्डुरस



सन् २००२ मा, डा. जेरक लीले होन्डुरस संयुक्त क्रूसेडमा प्रचार गर्नु भएको थियो। साथै उहाँले मेरो ला कोसेचा चर्चमा पनि आशिष्को क्रूसेड सञ्चालन गर्नु भयो। त्यस समयदेखि चर्चमा जागृति आएको छ र विश्वासीहरूको संख्या दस हजारदेखि बढेर पच्चीस हजार पुगेको छ। मानमिन चर्चको ३३ औं वार्षिकोत्सव समारोहमा भाग लिन म मा(नमिन चर्चमा आएँ र चर्चसित निकट् सम्बन्ध स्थापित गरेँ। यो चर्च अत्यन्तै आत्मिक छ, र मैले सिनियर पास्टर डा. जेरक ली र चर्चका सदस्यहरू प्रेममा एक हुनुभएको महसुस गरेँ।

म दानिएल प्रार्थना सभामा सहभागी भएँ, जहाँ मैले चर्चका धेरै सदस्यहरूले हार्दिकतापूर्वक प्रार्थना गरिरहनु भएको देखेँ। चर्चमा जागृति आउनुको पछि उहाँहरूको प्रार्थनाको शक्तिको ठूलो प्रभाव रहेछ भनी मैले बुझेँ।

होन्डुरसमा छँदै मैले कोरियन चर्चहरूका बारेमा सुनेको थिएँ। यो यात्रामा मैले कोरियालीहरूको हार्दिक प्रार्थना देख्न सकेँ र परमेश्वर प्रति धन्यवादी भएँ।

## “बेथलेहेमका इसाईहरूले आशाको ज्योति प्राप्त गर्नु भएको छ”

पास्टर निहाद सलमान, इम्मानुएल इभान्जेलिकल चर्च, बेथलेहेम, प्यालेस्टाइन



बेथलेहेम येशूको जन्मथलो भएतापनि अहिले यहाँका जनसंख्याको ९९ प्रतिशतले मुश्लिम धर्म मान्दछन्। त्यसैले हामी इसाईहरूले धेरै क्षेत्रहरूमा दबाब भोग्नु परेको छ। इसाई भएकै कारणले गर्दा काम नपाएर युवाहरू कामको लागि विदेश जानु बाहेक अरू कुनै विकल्प थिएन। इसाईहरूका निम्ति विवाह समारोह कार्यक्रमको लागि हल र दफन कार्यको लागि कुनै ठाँउ उपलब्ध थिएन। हामीमा कुनै आशा थिएन। तर परमेश्वरले बेथलेहेमको निम्ति महान् योजना बनाउनु भएको छ भनी मैले विश्वास गरेको थिएँ र मैले सुसमाचार प्रचार गरेँ।

सन् २००७ सालको डिसेम्बर महिनामा ख्रीष्टमसको समयमा हामीले येशूको जन्मोत्सव मनाइरहेको बेला डा. जेरक ली बेथलेहेममा आउनु भयो र सभा आयोजना गर्नुभयो। सभा अघि, मैले उहाँलाई बाइबलमा उल्लेख गरिएका आश्चर्यकर्महरू प्रकट गर्नका लागि अनुरोध गरेँ र साँच्चै आश्चर्यकर्महरू प्रकट भए। परमेश्वरको इच्छा बेथलेहेमप्रति रहेछ भनी म निश्चिन्त बनेँ।

सभापछि, डा. लीले हामीलाई केही कुराको आवश्यकता छ कि भनी सोध्नुभयो। इसाईहरूले दफन कार्यको लागि ठाउँ नपाएको जस्ता प्यालेस्टाइनमा इसाईहरूले भोगिरहेको कठिन अवस्था बारे मैले बताएँ। यो सुन्नु भएपछि, उहाँले हामीलाई मदत गर्छु भनी भन्नु भयो र हाम्रो निम्ति दफन गर्ने ठाउँ किनिदिनु भयो। यसद्वारा, प्यालेस्टाइनमा रहनु भएका इसाईहरूलाई प्रोत्साहन मिलेको छ र उहाँहरू प्रभुको प्रेमले भरिनु भएको छ। उहाँहरू सिनियर पास्टरप्रति धेरै धन्यवादी हुनु भएको छ।

सन् २००९ सेप्टेम्बरमा, डा. लीले यरूशलेममा इस्राएल संयुक्त क्रूसेड सञ्चालन गर्नुभयो र स्पष्ट रूपमा विश्वासलाई व्याख्या गर्ने शक्तिशाली सन्देश घोषणा गर्नुभयो। त्यसपछि, उहाँले बिरामीको लागि प्रार्थना गरि दिनु भयो र धेरै मानिसहरूले रोगहरूबाट चङ्गाइ पाए। परमेश्वरको महान् कार्यहरूका निम्ति म परमेश्वरप्रति धन्यवादी छु।

परमेश्वरको राज्य बेथलेहेममा दृढतापूर्वक खडा गर्नको लागि हामीलाई सहयोग गर्नुहुने डा. लीलाई म मेरो हृदयदेखि नै हार्दिक धन्यवाद दिन चाहन्छु।

## “अत्यन्तै शक्तिशाली आँधीबेहरी क्षीण भएर जानु कति आश्चर्यजनक छ”

पास्टर भिटाली फिसवर्ग, पावर एण्ड विज्डम अफ गड् मानमिन चर्च, न्यूयोर्क, अमेरिका



मानमिन केन्द्रीय चर्चमा आउनु भन्दा अघि, मैले ईमेल मार्फत् आँधीबेहरी जोकिनको निम्ति प्रार्थना गरिदिन डा. लीसित अनुरोध गरेँ। आँधीबेहरी जोकिनमा चौथो श्रेणीको विनाशकारी क्षमता थियो र यसले पहिल्यै चारवटा राज्यहरूमा प्रभाव पारिसकेको थियो र ठूलो क्षति पुर्‍याइ सकेको थियो। अनि, यो न्यूयोर्कतिर अघि बढ्दै थियो। परिस्थिति एकदमै जटिल थियो।

सन् २०१५ साल अक्टोबर ४ तारिख आइतबार बिहानीको आराधना सेवाको समयमा, डा. लीले यसको लागि प्रार्थना गरिदिनु भयो। त्यसपछि, त्यो आँधीबेहरी हराएर गयो र अत्याधिक जाडो भएको मौसममा पनि सुधार आयो। यो आश्चर्यजनक थियो।

केही वर्ष अघि, अर्को आँधीबेहरीले न्यूयोर्कलाई प्रहार गर्दा त्यस शहरका धेरै घरहरूमा क्षति पुगेको थियो। सन् २०१३ मा, समुद्री तटमा अवस्थित मेरो घर आँधीबेहरीबाट क्षतिग्रस्त भएपछि हामी अरू कहाँ शरण लिन जानु परेको थियो। चौथौं वा पाँचौं श्रेणीमा वर्गिकृत विनाशकारी आँधीबेहरीले मानिसको ज्यान समेत लिँदछ। तर सिनियर पास्टरको प्रार्थनाद्वारा जोकिन जस्तो शक्तिशाली आँधीबेहरी समेत हटेर गयो ! हल्लेलूयाह !

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू ख्रीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं।
४. मानमिन केन्द्रिय मण्डली येशू ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा “प्रेरितहरुको विश्वासको सार” द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन्।

“किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ।” (प्रेरित १७:२५)
“अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।” (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन